म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १६५ बिहीबार १२ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 26 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थाहाबाट पुनर्स्थापना कार्यक्रम संचालन गर्न प्रस्ताव मागियो

हेटौंडा, ११ माघ/ थाहा नगरपालिकाले समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन गर्न प्रस्ताव आव्हान् गरेको छ । थाहा नगरस्तरीय सीबीआर समन्वय तथा अनुगमन समितिको बैठकको निर्णय अनुसार शर्तहरु राखी सूचना प्रकाशित गरेको थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरेले जानकारी दिए । सूचना प्रकाशित मितिले १५ दिनभित्र कार्यक्रम संचालनको प्रस्तावना, संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्र, संस्थाको कार्यानुभव खुल्ने प्रमाण, अन्तिम लेखा परीक्षण प्रतिवेदन, समाज कल्याण परिषद्को आवद्धता प्रमाण पत्रलगायतको कागजात संलग्न राखी प्रस्ताव पेश गर्न सूचनामा भनिएको छ । कार्यक्रम संचालनका लागि कूल ३ लाख बजेट रहेको सूचनामा उल्लेख छ । थाहा नगरपालिकालाई केन्द्रित गरेर कार्यालय संचालन गरेको संस्थालाई प्राथमिकता दिइने प्रकाशित सुचनामा जनाइएको छ ।

# बागमती सरकारले पायो पुर्णता

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ बागमती प्रदेश सरकारले पुर्णता पाएको छ ।

बुधबार मुख्यमन्त्री शालिकराम जम्कट्टेलले ८ मन्त्री नियुक्त गरेसँगै सरकारले पुर्णता पाएको हो । प्रदेश सरकारको नवनियुक्त ८ मन्त्रीले बुधबार नै पद तथा गोपनियताको शपथग्रहण गरेका छन् । उनीहरुलाई प्रदेश प्रमुख यादवचन्द्र शर्माले शपथग्रहण गराएका थिए । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशमा रहेको १४ मन्त्रालयलाई ११ मा झार्ने निर्णय गरेको थियो । गत पुस २५ गते प्रदेशको मुख्यमन्त्री नियुक्त भएका जम्कट्टेलले २६ गते शपथ ग्रहण गर्दै प्रदेशमा कायम रहेको १४ मन्त्रालयको संख्या घटाउने निर्णय गर्दै अध्ययन कार्यदल गठन गरेका थिए । उनले प्रदेशका प्रमुख सचिव मुकुन्द निरौलाको संयोजकत्वमा ५ सदस्यीय मन्त्रालय घटाउन अध्ययन कार्यदल समिती गठन गरेका थिए ।

मुख्यमन्त्री जम्कट्टेलले गठन गरेको अध्ययन कार्यदल समितीले प्रदेशमा ९ वा ११ मन्त्रालय राख्न दिएको सुझावअनुसार ११ मन्त्रालय राख्ने निर्णय मन्त्रिपरिषद्ले गरेको थियो । कार्यदलको सुझाव अनुसार मुख्यमन्त्री जम्कट्टेलले मंगलबार कुल सांसदको १० प्रतिशत हुने गरी प्रदेशमा ११ मन्त्रालय कायम गर्ने निर्णय गरेका थिए । ११ मन्त्रालय कायम गरेको भोलिपल्ट नै मुख्यमन्त्री जम्कट्टेलले मन्त्रिपरिषदलाई



पूर्णता दिएका हुन् । जसमा सत्तारुढ गठबन्धनको नेकपा माओवादी केन्द्रले मुख्यमन्त्रीसहित ४,नेकपा एमालेले ४ र राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाले ३ मन्त्री पाएको छ । माओवादीले यसअघि नै मुख्यमन्त्री पाइसकेको थियो भने एमालेबाट पनि दलका नेता जगन्नाथ थपलियाले मुख्यमन्त्रीसँगै अर्थमन्त्रीको शपथग्रहण गरिसकेका थिए । त्यस्तैगरि राप्रपा संसदीय दलका नेता उद्धव थापा विना विभागिय मन्त्री बनेका थिए । बुधबार थापाले खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालयको जिम्मेवारी पाएका छन् भने राप्रपाबाट अरु दुईजना मन्त्री बनेका छन् । बुधबार नेकपा माओवादी केन्द्रबाट कुमारी मुक्तान सामाजिक विकास मन्त्री,युवराज दुलाल भौतिक पूर्वाधार विकास मन्त्री र गंगानारायण श्रेष्ठ आन्तरिक मामिला तथा कानुनमन्त्री बनेका छन् । त्यस्तै नेकपा एमालेबाट केशव प्रसाद पोखरेल कृषि तथा पशुपन्छी विकास मन्त्री,रामेश्वर श्रेष्ठ स्वास्थ्य मन्त्री र एकालाल श्रेष्ठ रोजगार तथा यातायात मन्त्री बनेका छन् । राप्रपाबाट डम्बर तामाङ पर्यटन, उद्योग तथा सहकारी मन्त्री र राजु विष्ट वन तथा वातावरण मन्त्री बनेका हुन् ।

मुख्यमन्त्री जम्कट्टेलले आफूलाई सरकार गठनमा समर्थन गरेको र विश्वासको मत पनि दिएको नेकपा एकिकृत समाजवादी र हाम्रो नेपाली पार्टिलाई पनि सरकारमा समेट्ने प्रयास गरेका थिए । तर, उनको प्रयास असफल भएको छ । सत्ता गठबन्धनमा रहेका एमाले र राप्रपा सहमत नभएपनि नेकपा एस र हाम्रो नेपाली पार्टिलाई सरकारमा समेट्ने मुख्यमन्त्रीको प्रयास असफल भएको हो ।

११ मन्त्रीमध्ये ८ जनाले पहिलो पटक प्रदेश सरकारमा इन्ट्री गरेका छन् । जसमध्ये ७ जना प्रदेशसभाको पहिलो यात्रामा नै मन्त्री बनेका हुन् भने एक जना सांसदले दोस्रो पटकको संसदीय यात्रामा मन्त्री बनेका छन् । पहिलो पटक बागमती प्रदेशसभा सदस्य बन्दै मन्त्री बन्नेहरुमा एमालेका जगन्नाथ थपलिया, एकालाल श्रेष्ठ, रामेश्वर श्रेष्ठ रहेका छन् भने माओवादी केन्द्रका गंगानारायण श्रेष्ठ र राप्रपाका उद्धव थापा, राजु विष्ट र डम्बर बहादुर तामाङ रहेका छन् । एमालेका केशवप्रसाद पोखरेल भने दोस्रो पटकको संसद् यात्रामा मन्त्री हुने अवसर पाएका हुन् ।

एमालेका थपलिया यसअघि तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलका राजनीतिक सल्लाहकार थिए । उनले गत ४ मंसिरमा प्रदेशसभाको निर्वाचनमा चितवन क्षेत्र नम्बर(१ (क) बाट निर्वाचित भएका थिए । त्यस्तै एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठ पनि पहिलो पटकको संसद् यात्रामा मन्त्री बनेका छन् । उनी मकवानपुर क्षेत्र नम्बर-१ (ख)बाट निर्वाचित भएका थिए । एमालेका रामेश्वर श्रेष्ठ पनि पहिलो प्रयासमा मन्त्री बनेका छन् । उनी ललितपुर क्षेत्र नम्बर-२ (क)बाट निर्वाचित सांसद हुन् । सिन्धुली क्षेत्र नम्बर-२ (ख)बाट निर्वाचित गंगानारायण श्रेष्ठ पनि पहिलो पटकमै मन्त्री बनेका छन् । राप्रपा बागमती प्रदेश संसदीय दलको नेता उद्धव थापा पनि पहिलो पटकको संसद् यात्रामा मन्त्री बनेका छन् भने धादिङबाट निर्वाचित डम्बर बहादुर तामाङ र काठमाडौंबाट निर्वाचित सांसद राजु विष्ट पनि मन्त्री बनेका छन् ।

**मकवानपुरका दुईजना मन्त्री**

बागमती प्रदेश सरकारको मन्त्रीपरिषद्मा मकवानपुरबाट दुईजना मन्त्री बनेका छन् । प्रदेश सरकारको दोस्रो कार्यकालमा मकवानपुरबाट दुईजना मन्त्री बनेका हुन् । मन्त्री बन्नेमा मकवानपुर क्षेत्र नम्बर २ को क बाट निर्वाचित नेकपा माओवादी केन्द्रकी कुमारी मुक्तान र मकवानपुर निर्वाचन क्षेत्र नम्वर १ को ख बाट निर्वाचित एकालाल श्रेष्ठ रहेका छन् । मुक्तान सामाजिक विकास मन्त्री भएकी हुन् भने श्रेष्ठ श्रम रोजगार तथा यातायात मन्त्री बनेका छन् । मुक्तान यसअघि पनि प्रदेश सरकारको सामाजिक विकास मन्त्री थिइन् । श्रेष्ठ भने पहिलोपटक निर्वाचित हुँदै मन्त्री बनेका छन् ।

## पहिलो पटकमै मन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ बागमती प्रदेशमा मकवानपुरका दुई सांसद् एकालाल श्रेष्ठ र कुमारी मोक्तान मन्त्री भएका छन् ।

नेकपा एमाले मकवानपुरका अध्यक्षसमेत रहेका श्रेष्ठ श्रम, रोजगार तथा यातायात मन्त्री र मोक्तान सामाजिक विकास मन्त्री बनेकी छन् । मोक्तान यसअघि पनि सामाजिक विकास मन्त्री थिइन् । श्रेष्ठ भने पहिलोपटक प्रदेशसभा प्रवेशमै मन्त्री बनेका छन् । श्रेष्ठले ४ मंसिरमा पहिलो पटक प्रदेशसभा निर्वाचन लडेका थिए । हेटौंडाका स्थायी बासिन्दा र हेका श्रेष्ठले मकवानपुरमा विद्यार्थी राजनीति सुरु गरेर मन्त्रीसम्म बनेका हुन् । श्रेष्ठले जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ को प्रदेशसभा (२) बाट निर्वाचनमा विजय हासिल गरेका थिए । ४ मंसिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा प्रदेशसभा तर्फबाट उम्मेदवार बनेका श्रेष्ठले नेपाली कांग्रेसका आनन्दराम पराजुली र राप्रपाका गन्जन बहादुर न्यौपानेलाई पराजित गरेका थिए । बाँकी पृष्ठ-४ मा....

बागमतीका कृषि मन्त्रीको पहिलो निर्णयः

# मल ल्याउन सबै उपाय लगाउने

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ बागमती प्रदेशको नवनियुक्त कृषि तथा पशुपन्छी विकास मन्त्री नेकपा एमालेका केशव प्रसाद पोखेलले रासायनिक मल ल्याउन सबै उपाय लगाउने पहिलो निर्णय गरेका छन् ।

बुधबार मन्त्री पदमा नियुक्त हुँदै प्रदेश प्रमुख यादवचन्द्र शर्माबाट शपथ लिएका पोखेलले पदभार ग्रहण गर्दै मलको उपलब्धता लगायतका निर्णयमा हस्ताक्षर गरेका हुन् । बागमती प्रदेशभित्रका कृषकहरुलाई सर्वसुलभ रुपमा रासायनिक मल उपलब्ध गराउन आवश्यक पर्ने सबै उपाय र विकल्प खुला राख्दै तत्काल कार्ययोजना तयार पार्ने सम्बन्धमा निर्णय गरेको मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले जानकारी दिए ।

प्रदेशलाई आवश्यक मात्रामा चाहिने रासायनिक मल आगामी ३-४ वर्षसम्म भण्डारण गर्ने क्षमता विकास गर्ने, संघीय सर कारबाट प्रदेशलाई विनियोजन हुने रासायनिक मलको कोटा बढाउन पहल गर्ने सम्बन्धमा निर्णय गरेको अधिकारीले जानकारी दिए । मन्त्री पोखेलले कृषि औजारको उपलब्धतालाई पनि ध्यान दिँदै उत्पादकत्व र उत्पादन बृद्धि गर्नेतर्फ विशेष पहलकदमी लिने निर्णय गरेका छन् ।

यसैगरी, प्रदेश सरकारले



संघीय सरकारसँग समन्वय गरी आफ्नो प्रदेशलाई आवश्यक मलको परिमाणसहित खरिदको टेन्डरको लागि आग्रह गर्ने, प्रदेशलाई विनियोजन भएको रासायनिक मलको कोटाबमोजिम कृषकले सहज तरीकावाट प्राप्त गर्ने वातावरण मिलाउने तथा दीर्घकालीनरुपमा रासायनिक मलको समस्या समाधान गर्न प्रदेशमा नै मल उत्पादन गर्ने कार्य गर्न पहल गर्ने र कृषि औजार कारखाना स्थापना गरी कृषकलाई सर्वसुलभ रुपमा कृषि औजार वितरण गर्न मन्त्रालयले आवश्यक कार्य गर्ने निर्णय भएको मन्त्रालयले जनाएको छ ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बरः**
९८४५०२७०६४/९८५५०६८०३८




**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# श्रीपञ्चमीको शुभकामना

हरेक वर्ष माघ शुक्ल पञ्चमीका दिन श्रीपञ्चमी पर्व विद्याकी देवी सरस्वतीको पूजा आराधना गरी मनाइन्छ । ऋतुहरूको राजा वसन्तको सुरुवात हुने दिन भएकाले आजको दिनलाई वसन्त पञ्चमी पनि भनिन्छ । सूर्य उत्तरतिर लागी दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने विश्वासका साथ आजको दिनलाई 'वसन्त पञ्चमी' पनि भनिन्छ । विद्या र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आ-आफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रूपमा पूजा-आराधना गर्छन् । सरस्वतीलाई तान्त्रिकहरूले तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा मान्छन् । सरस्वतीको पूजा गर्नाले सबै प्रकारको ज्ञान, सिद्धि र सद्बुद्धि प्राप्त हुने उल्लेख छ । सरस्वती पूजाको दिन हनुमानढोका दरबारमा वसन्त श्रवण पनि गरिन्छ । वसन्त श्रवणमा राजतन्त्र हुन्जेल राजा जाने गरेकोमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि राष्ट्राध्यक्षका नाताले राष्ट्रपतिको उपस्थिति हुन थालेको छ ।

प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन श्रीपञ्चमी पर्व विद्याकी देवी सरस्वतीको पूजा आराधना गरी मनाइन्छ । विशेषगरी शैक्षिक संस्थामा विद्यार्थीले विशेष महत्वका साथ यो पर्व मनाउँछन् । संगीत, कला, साहित्य र विद्याकी खानी सरस्वतीको आज विधिपूर्वक पूजा आराधना गरी स्तोत्र पाठ गरेमा पढ्न आउँछ भन्ने धार्मिक विश्वास छ । आजकै दिन साना बालबालिकालाई अक्षरारम्भ गराइन्छ । सरस्वतीलाई महाविद्या, महावाणी, भारती, वाक्, शारदा, आर्या, ब्राह्मी, कामधेनु, वेदगर्भा, धीश्वरी नामले समेत सम्बोधन गरिन्छ । विद्यार्थीहरुले विभिन्न भक्तिभावले मिठामिठा परिकार बनाई नैवेद्य चढाई स्तोत्र पाठ गरी सरस्वती माताको ध्यान गरी पूजाआजा गरी यस दिनलाई महत्वका साथ लिने गरेका छन् ।

हरेक घरघरमा भएका स-साना बालबालिकालाई यस दिन अक्षर आरम्भ गराइन्छ । यस दिन स-साना बालबालिकाहरुको नाक, कान छेडिदिने चलन पनि छ । बौद्ध धर्मावलम्बीले पनि सरस्वतीलाई बोधिसत्व मञ्जुश्रीका रुपमा ज्ञानको प्रतीक मानेर पूजाआजा गर्छन् । सरस्वतीलाई सेतो रङ्ग, फूल, चन्दन, शङ्ख आदि प्रिय लाग्ने भएकाले आजका दिन पूजामा यी सामग्री चढाउने गरिन्छ । आजको दिन विवाह, व्रतबन्ध, गुफा राख्ने र बेलविवाह (इही) जस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नुपर्दैन भन्ने मान्यता छ । श्रीपञ्चमी सबैको भव्य होस् । शुभकामना ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ १३ गते शुक्रबार २७ जनवरी २०२३ । षष्ठी माघ शुक्लपक्ष। सिल्लाध्व ११४३ ने.सं. । सूर्योदय ६:५५, सूर्यास्त ५:३९। स्कन्द षष्ठी ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : घर परिवारमा मेलमिलाप हुनेछ | तुला | : मान, प्रतिष्ठा बढ्नेछ |
| वृष | : मनमा शङ्का बढ्नेछ | वृश्चिक | : कार्यमा सफलता मिल्नेछ |
| मिथुन | : सञ्चित धन खर्च हुनेछ | धनु | : सहमतिका कार्यहरु हुनेछन् |
| कर्कट | : आफन्तले कुरा काट्नेछन् | मकर | : नयाँ कार्य सम्पन्न हुनेछ |
| सिंह | : आत्मविश्वास बढ्नेछ | कुम्भ | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| कन्या | : आफन्तको सहयोग मिल्नेछ | मीन | : सन्तानबाट सन्तोष मिल्नेछ |

# रकमी राजनीतिको फैलावट



सीके लाल

प्रधानमन्त्री पुष्पकमल दाहालले प्रतिनिधिसभाबाट विश्वासको मत लिँदा उनीसँग सत्तासीन गठजोडका पर्याप्त सांसदहरूको समर्थन थियो । सत्ताधारीहरूको स्पष्ट बहुमतको रासमा आवश्यक नरहेको मत थपेर नेपाली कांग्रेस उनलाई झन्डैझन्डै सर्वसम्मत कार्यकारी प्रमुखको हैसियत प्रदान गर्न पटक्कै हच्किएन । त्यस विवादास्पद निर्णयपछि समर्थनको मसी सुक्न नपाउँदै प्रमुख प्रतिपक्षको नेतृत्व लिनका लागि संसद् सचिवालयमा दरखास्त हाल्न सभापति शेर बहादुर देउवालाई अलिकति पनि अप्ठ्यारो लागेन ।

सचिवालयले नामै तोकेर पदासीन प्रधानमन्त्रीको सबभन्दा ठूलो समर्थक दलका सभापतिलाई प्रमुख प्रतिपक्षका नेताले पाउने सेवासुविधासमेत दिइने जानकारी गराएको छ । समसामयिक राजनीतिमा सामान्यतया नैतिकता खोज्ने गरिँदैन । त्यससँगै यथार्थ के हो भने, लोकलाजलाई कानुनी व्याख्याको लगौंटीले छोप्न गाह्रो हुन्छ ।

विगतमा संवैधानिक परिषद्‌ले केकस्ता व्यक्तिहरूलाई नियुक्तिका लागि सिफारिस गर्ने गरेको थियो, जगजाहेर छ । त्यसैले भागबन्डा शासनको सिद्धान्त अनुसार सभापति देउवाको छनोटलाई अनुचित तर आवश्यक निर्णयका रूपमा प्रतिरक्षा गर्न पनि सकिन्छ । राजनीतिको एक मात्र लक्ष्य जसरी भए पनि राज्यको स्रोत एवं साधनमा आफ्नो र आफ्ना समर्थकहरूको पहुँच कायम राख्नु हो भने जेजस्ता गतिविधिमा संलग्न भए पनि खासै फरक पर्दैन । आवधिक निर्वाचनको परिणामलाई पनि अनुचित आचरणले तात्विक प्रभाव नपार्ने रहेछ । पाँचचोटि प्रधानमन्त्री बने पनि सधैंजसो कुनै न कुनै काण्डमा मुछिएका सभापति देउवालाई अहिलेसम्म संसदीय चुनावको मैदानबाट खाली हात फर्किनुपरेको छैन ।

साम्यवादीहरूका लागि सत्तामा सहभागिता पनि वर्गसंघर्षको फरक मोर्चा मात्र हुने भएकाले सामान्य जीवनका मूल्यमान्यता शान्तिपूर्ण राजनीतिमा लागू हुँदैनन् । खस-आर्य समुदायका नृजातीय मुख्तियार एवं एमालेका सर्वेसर्वा खड्गप्रसाद शर्मा ओलीले आफ्नो राजनीतिक जीवनको सुरुआत नै वर्ग शत्रु सफाया गर्ने बहानामा व्यक्तिहत्याको अभियानमा सामेल भएर गरेका हुन् । आपराधिक गतिविधिबाट आरम्भ भएको उनको राजनीति कारागारभित्रको संकुचित संसारमा धारदार भएको हो । साम्यवादीहरू 'बुर्जुवा नैतिकता' भनिने लोकाचारका बन्धनहरूलाई पनि स्वीकार गर्दैनन् ।

मार्क्स स्वयंले पुँजीवादी नैतिकताभन्दा सर्वहाराको मुक्तिको आचारनीति माथि हुने जिकिर गरेका छन् । लेनिनका लागि त झन् सर्वहाराहरूको अधिनायकवाद स्थापना गर्न आवश्यक पर्ने सबै खाले गतिविधि नै साम्यवादी मूल्यमान्यताका आधार हुन् । त्यस्तो तर्कलाई अझ तन्काउँदै माओले जुनसुकै सर्तमा दिग्विजय हासिल गर्नु साम्यवादीहरूका लागि एक मात्र मानक मूल्य रहेको मान्यता स्थापित गरेका छन् । तत्कालीन माले र अहिलेको एमाले दलले 'मालेमावाद' सिद्धान्तलाई अंगीकार गरेकाले त्यस्तो किसिमको राजनीतिभित्र 'बुर्जुवा नैतिकता' खोज्न उसै पनि कठिन थियो । सर्वेसर्वा शर्मा ओलीको नेतृत्वमा मालेमावादभित्र नृजातीयतासमेत मिसिएकाले नेपालको सबभन्दा प्रभावशाली दल सर्वथा राजनीतिक आस्थामुक्त बन्न पुगेको छ ।

राजनीतिको नैतिकतामुक्त मालेमावाद विचाराधाराबाट आएका भए पनि प्रधानमन्त्री दाहाल सन् २०१३ सम्म वर्गीयसँगसँगै सामाजिक, सामुदायिक एवं क्षेत्रीय समानता तथा लैंगिक, वञ्चित एवं तिरस्कृतहरूका लागि न्यायको कुरा पनि उठाउने गर्दथे । त्यसपछि सुरु भएको उनको वैचारिक स्खलन निरन्तर जारी छ । अहिले त लबेदा-सुरुवाल मात्र भिरेका छन्, कुनै दिन उनी माघ स्नानका लागि टेकुको वाग्मती-विष्णुमती दोभानमा जनै घोट्दै ढाडबाट मयल माड्दै गरेका देखिए भने पनि अचम्म नमाने हुन्छ । अर्जुनदृष्टि प्रधानमन्त्रीको कुर्सीमा भएपछि त्यसका लागि जनोत्तेजक राष्ट्रवाददेखि लिएर हिन्दुत्व राजनीतिको अन्य-घृणामा आधारित संकीर्णतासमेत स्वीकार गर्नुपर्ने बाध्यता आइपर्न सक्छ । हुन पनि 'आखिर रहेछ श्रीकृष्ण एक/ न भक्ति भो, ज्ञान, न भो विवेक' !

सशस्त्र प्रहरी बलको स्थापना दिवसका अवसरमा प्रधानमन्त्री दाहालले कुनै बेला माओवादीहरूकै गोलीबाट मारिएका सुरक्षा बलका पहिलो महानिरीक्षक कृष्णमोहन श्रेष्ठको सालिकलाई सलाम गरेको दृश्यमा पनि अचम्म मान्नुपर्ने केही छैन । माले, एमाले र माओवादी हुँदै मधेशवादका सारथि बन्न पुगेका उपेन्द्र यादवको राजनीतिक प्रक्षेपपथ उनका गुरुहरू सर्वेसर्वा शर्मा ओली एवं प्रधानमन्त्री दाहालभन्दा पनि उदेकलाग्दो बन्न पुगेको छ । अध्यक्ष यादवको रनभुल्याइँलाई उर्दुको एउटा प्रचलित शेरमा समेट्न सकिन्छ– 'मेरा ईमान क्या पूछती हो मुन्नी/शिया के साथ शिया, सुन्नी के साथ सुन्नी' ।

संसदीय राजनीतिको पवित्र पोखरीलाई आहाल बनाएर रमाइरहेका स्थापित राजनीतिकर्मीहरूको तुलनामा केही नवप्रवेशीहरू झनै पोख्त पौडीबाज देखिन थालेका छन् । निर्मला कुर्मीका लागि न्याय खोज्दै आएकी अधिकारकर्मी रुबी खानलाई उपप्रधानमन्त्री रवि लामिछानेले माइतीघर मण्डलबाट पक्रन लगाउन सक्छन्, तर सरसर्ती हेर्दासमेत स्वार्थको टकराव ठहरिने पदमा रहिरहन उनलाई अहिलेसम्म अप्ठ्यारो लागेको देखिँदैन । उनीमाथि दोहोरो नागरिकताजस्तो गम्भीर आरोप लगाइएको मुद्दा अदालतमा विचाराधीन हुँदाहुँदै अनुसन्धान गर्ने निकायहरूको तालुकवाल मन्त्री भइरहन उनलाई अलिकति पनि असहज महसुस भएको छैन । स्थापित दलहरू विचारधाराबाट च्युत भएका थिए भने नयाँ राजनीतिकर्मीहरूसँग तिनको आचरण र व्यवहारलाई निर्देशित गर्ने कुनै राजनीतिक आस्था रहेको देखिँदैन । शुद्ध लाभ-हानिको हिसाब गरेर गरिने राजनीति हावी भयो भने स्थायी अल्पसंख्यकले न्याय पाउन सक्दैनन्, बहुसंख्यकवादको बन्धन अझ कसिलो बन्दै जान्छ र देश अन्ततः गृहयुद्ध हुँदै अराजकताको भुमरीमा फस्ने परिस्थिति उत्पन्न हुने जोखिम बढ्छ ।

### प्रतिस्पर्धात्मक जनोत्तेजकता

सहज अवस्थामा नारा र बयानबाजी गरेर पनि राजनीति गर्न सकिन्छ । भ्रष्टाचार निर्मूल पार्नुपर्छ भन्नेमा कसको विमति हुन सक्छ र ? धरातलीय यथार्थ के हो भने, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका एक प्रमुख आयुक्तलाई बिदेसिनुपरेको थियो, अर्का थुनामा पुगेका थिए र अन्य एक आयुक्त अपराधी ठहरिएका छन् । सर्वोच्च अदालतका एक प्रधान न्यायाधीश बल्लतल्ल महाभियोगबाट उम्किएका थिए भने अर्का एक व्यक्ति दागी रहेकै अवस्थामा पदमुक्त भए । विकास गर्नुपर्छ भन्ने नारा आकर्षक लाग्छ, तर कस्तो र कसको विकास भन्ने उत्तर राजनीतिक आस्थाले मात्र दिन सक्छ । राष्ट्रिय स्वाभिमानका लागि राजनीति अफगानिस्तानका तालिबानले पनि गर्छन् । विचारधारामुक्त राजनीतिका पक्षधरहरूले बेवास्ता गर्ने गरेको कुरा के हो भने, उपयोगिताका आधारमा राजनीतिक आस्थालाई अंगीकार वा परित्याग गर्ने प्रवृत्ति पनि एक किसिमको विचारधारा नै हो जसमा नदीको बहाव अनुसार डुंगाको दिशा निर्धारण गर्ने गरिन्छ ।

नेपाली कांग्रेसको समाजवाद एवं एमाले तथा माओवादीहरूको साम्यवादको प्रयोगात्मक इतिहास प्रथम विश्वयुद्धपछि मात्र फैलिएको हो । सामन्तवाद, उपनिवेशवाद एवं साम्राज्यवादको बोलवालाका बावजुद केही आदर्शवादी विचारधाराहरू त्यसअघि पनि सार्वजनिक बहसमा थिए । क्रमिक सुधारमार्फत समाज जेजस्तो छ, त्यसभन्दा राम्रो बनाउन सम्भव छ भन्ने धारणा प्रगतिवाद (प्रोग्रेसिभिज्म) हो । मानव समाज क्षयोन्मुख हुँदै गएकाले अगाडि होइन कि बरु पछाडि हेरेर जे थियो, त्यतातिर फर्किने प्रवृत्ति प्रतिगमनवाद (रिग्रेसिभिज्म) कहलिन्थ्यो । रूढिवादी (कन्सर्भेटिभिस्ट) मान्यता अनुसार जे छ, त्यसलाई जसरी पनि जोगाउनु राजनीतिकर्मीहरूको मुख्य जिम्मेवारी हुन आउँछ । यथास्थितिवादले भने अग्रसरता नलिने तर भएकै अवस्था जोगाउनका लागि सबै किसिमका प्रतिक्रियात्मक काम गर्ने प्रवृत्तिलाई जनाउँछ ।

त्यसैसँग मिल्दोजुल्दो व्यवहारवाद (प्रैग्मटिज्म) अवधारणामा भने यथास्थिति सुदृढ गर्नका लागि जे सकिन्छ, त्यति गर्न अग्रसरता देखाउन सक्नुपर्छ । कुनै समस्या देखिए तात्कालिक समाधान खोज्ने तर दीर्घकालीन असर हुन सक्ने कुनै निर्णय नलिने र स्थापित पद्धतिलाई सकभर जोगाउने काम गर्न व्यवहारवादीहरू तुरुन्तै तम्तयार हुन्छन् । स्वशासनमा आधारित प्रगतिवादी स्वराजको आस्था परित्याग गरेर सीके राउत विकासवादी भएका छन् । त्यो नितान्त व्यवहारवादी अवधारणा हो । रेशम चौधरीको रिहाइलाई मुख्य मुद्दा बनाइएको श्रीमती रञ्जिता श्रेष्ठ चौधरीको राजनीतिक मञ्चलाई यथार्थमा यथास्थितिवादीकै श्रेणीमा राख्न मिल्छ । खस-आर्य समुदायको सहरिया मध्यम वर्गलाई उद्वेलित गर्न सफल उपप्रधानमन्त्री लामिछानेको राजनीतिक प्रयोग भने दुनियाँभर फैलिँदै गरेको रकमी राजनीति (क्याल्कुलेटिभ पोलिटिक्स) अवधारणाको नेपाली संस्करणजस्तो देखिन थालेको छ ।

रकमी राजनीतिको अर्थ लाभ-हानिको लेखाजोखा गरेर नीति बनाउने मात्र नभएर आफ्नो प्रभाव विस्तारका लागि धूर्त, चतुर, विश्वसनीय एवं चामत्कारिक कार्यनीति बनाउनु पनि हो । त्यसैले रकमी राजनीति एकसाथ गणनात्मक, गुणात्मक र गत्यात्मक हुन पुग्छ । भारतमा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल रकमी राजनीतिको प्रयोग कुशलतापूर्वक गर्न सफल भएका छन् । उनको राजनीतिक उद्देश्यको पहिलो खुड्किलो भ्रष्टाचारविरोधी अभियान बन्न पुगेको थियो । तिनताक उनीसँग चिन्तक राजमोहन गान्धी, विचारक आनन्द कुमार एवं अधिकारकर्मी मेधा पाटेकरजस्ता व्यक्तित्वहरू जोडिएका थिए । त्यसपछि उनी सित्तैं बिजुली, निःशुल्क पानी र हनुमानचालिसा पाठको चित्ताकर्षक प्रियतावादतिर लागे एवं स्वच्छ छविका चिन्तक एवं अधिकारकर्मीहरू पछाडि छुट्दै गए ।

आजभोलि उनी तिहाड जेलमा बसेर मालिस गराउने सत्येन्द्र जैनजस्ता राजनीतिकर्मीको संरक्षक बन्न पुगेका छन् । हुन त नृजातीय राष्ट्रवाद, नग्न बहुसंख्यकवाद, संकीर्णता, अन्य-घृणा, देशाहंकार एवं मिथ्याभिमानजस्ता जनोत्तेजक रणनीति उपयोग गर्ने मामिलामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आफैं उस्ताद छन् । केजरीवाल-प्रयोगको नवीनता प्रतिगमनवादी मुद्दाहरूको ध्रुवीकरण, नाटकीकरण एवं भावनात्मक उत्तेजकता सृजना गर्नुमा अन्तर्निहित छ ।

रकमी राजनीतिको सबभन्दा ठूलो आकर्षण परम्परागत प्रणालीको तुलनामा केही बढी प्रामाणिक, त्यसभन्दा बढी लोमहर्षक एवं अत्यधिक मनोरञ्जक हुनुमा छ । उपप्रधानमन्त्री लामिछानेको राजनीतिक कार्यनीति पनि लगभग त्यस्तै हो । समस्या के भइदियो भने, सत्ताप्राप्तिका लागि अंगीकार गरिने त्यस्तो रणनीति एवं कार्यनीतिमिश्रित प्याकेजभित्र 'सर्वजन हिताय' गरिने राजनीति कतै छैन ।

नेपालमा व्याप्त नृजातीय वर्चस्ववादका सम्बन्धमा रकमी राजनीतिले केही बोल्न सक्दैन । नव राष्ट्रवादले राज्य र समाजलाई विषाक्त बनाइरहेको छ, तर भारतमा केजरीवाल राष्ट्रिय स्वयंसेवक संघका 'बी टिम' ठहरिएका छन् भने नेपालमा लामिछाने स्थायी सत्ताको मतियार बन्न प्रयासरत छन् । चाकर पुँजीवादको प्रवर्द्धनका लागि श्रमिकहरूलाई पंगु बनाउन कांग्रेस, एमाले र माओवादी मिलेर काम गरेका थिए ।

नव-उदारवादी राजनीतिका नयाँ मुल्लाले झन् दिनको पाँच होइन, नौ पटक नमाज पढ्ने छाँटकाट देखिँदै छ । नयाँ पुस्ता, पढैया प्रवर्ग, उत्पीडित समूह, बहिष्कृत समुदाय एवं उपेक्षित लिंगले राजनीतिमा यथोचित स्थान पाउनुपर्छ भन्नेमा कुनै शंका छैन त, त्यस्ता सबै प्रणालीगत व्यवस्था सामान्यजनको हित प्रवर्द्धनका लागि हुनुपर्दछ । विभिन्न भूराजनीतिक वा अर्थराजनीतिक स्वार्थ समूहहरूले आ-आफ्ना अभिरुचिका मुद्दालाई अगाडि बढाउन राजनीतिक तालिमबेगरका नवप्रवेशीहरूलाई प्रयोग गर्न सक्ने सम्भावना बढेर जाने रहेछ । हालसालै पाकिस्तानमा इमरान खान त्यस्तै स्वार्थहरूको टक्करको सिकार भएका हुन सक्छन् ।

### प्रारम्भिक प्रारूप

पेरुबाट बुर्जुवा प्रजातन्त्रलाई फालेर कम्युनिस्ट राज्य स्थापना गर्ने उद्देश्यले दर्शनशास्त्रका प्राध्यापक अभिमायल गुजमेन उर्फ गोन्जालोको नेतृत्वमा सन् १९८१ देखि १९९२ सम्म सशस्त्र युद्ध सञ्चालन गरिएको थियो । त्यस संघर्षमा मारिएकाहरूको सही तथ्यांक यकिन गर्न कठिन भए पनि कम्तीमा ७० हजार पेरुभेलीहरूले ज्यान गुमाएको अनुमान छ । गाउँमा आधारक्षेत्र कायम गर्दै नगर कब्जा गर्ने रणनीति अनुसार राजधानी लिमानजिकै पुग्न थालेपछि अमेरिकीहरूको सहयोगमा राष्ट्रपति अल्बर्टो फुजिमोरीको सरकारले गोन्जालोलाई गिरफ्तार गरेर जेलमा कोचेको थियो ।

आजीवन कारावासको सजाय पाएका दर्शनशास्त्रका प्राध्यापक अभिमायल गुजमेनको जीवन पनि तीन दशकपछि अन्ततः जेलमै समाप्त भयो । गोन्जालोलाई परास्त गरेर सशस्त्र द्वन्द्वलाई अन्त गर्ने राष्ट्रपति फुजिमोरीको त्रासदी कत्ति पनि कम रोमाञ्चक छैन । कम्युनिस्टविरोधीहरूको गठजोड निर्माण गरेर वामपन्थीहरूलाई ठाउँ दिए पनि तिनलाई टाउको उठाउन नदिने रणनीतिलाई 'फुजिमोरिज्मो' नामकरण गरिएको थियो । त्यस्तो रणनीति एवं फुजिमोरीका कार्यनीतिहरू कालान्तरमा मानवाधिकारविरोधी एवं प्रजातन्त्रलाई कमजोर तुल्याउने किसिमका ठहरिए । उनी आफ्नो जापानी राहदानी प्रयोग गरेर पेरुबाट उम्किए, समातिए र जेल गए । फुजिमोरिज्मो अधिनायकवादले निम्त्याएको निरुद्देश्य आकांक्षाहरूको अभिशापबाट पेरु अद्यापि मुक्त हुन सकेको छैन । तथाकथित 'वाम एकता' निरस्त गर्न फुजिमोरिज्मोको नेपाली संस्करण बनाइने हो भने दोहोरो नागरिकताको प्रावधान उपयोगी ठहरिन सक्छ !

सन् २०१५ मा अमेरिकी नागरिक हुँदाहुँदै तत्कालीन सञ्चारकर्मी रवि लामिछानेले नेपालको राहदानी पनि लिएको आरोप छ । फुजिमोरी त पेरुमै जन्मिएका थिए, उनका आमा-बुवा जापानका नागरिक भएकाले जापान सरकारले अर्को देशको अपदस्थ राष्ट्रपतिलाई आफ्नो नागरिक घोषणा गरेको थियो । नागरिकता देशको हावा, माटो र पानीसँगको सम्बन्धमा आधारित नभएर वंशानुगत रगतसँग सम्बन्धित अधिकार हो भन्ने मान्यता अनुसार 'जसो गर जे भन जतासुकै लैजाऊ मलाई, यो मन त मेरो नेपाली हो' बोलको गीत मच्चीमच्ची गाउन सक्नेहरूले चाहेको बखत आफ्नो पितृभूमिको राहदानी पाउने हक राख्छन् । दोहोरो नभएर पहिलो नागरिकताका लागि समेत संघर्ष गर्ने नियति नितान्त मधेशीहरूको हो ।

दक्षिण एसियाका पाकिस्तान, बंगलादेश एवं श्रीलंका तथा माल्दिभ्ससमेत गरी कम्तीमा चार देशले केही सर्तसहित दुई देशको नागरिक हुन पाउने व्यवस्था गरेका छन् । नेपालमा राजनीतिकभन्दा पनि ठूलो पद प्रमुख जिल्ला अधिकारी एवं सुरक्षा अंगका हाकिमहरूको हो । नृजातीय राष्ट्रवादका रक्षकहरू 'रगतले नेपाली' भनिनेहरू मात्र हुन पाउने व्यवस्था गरिदिने हो भने 'डीभी भिसा' भर्नेहरूको संख्या केही कम भएर नेपालभन्दा मजबुत राहदानी भएका देशहरूको दोहरो नागरिकता लिन चाहनेहरू त्यता लाग्थे । साम्यवाद बन्द समाजमा फस्टाउँछ, त्यसैले साम्यवादीहरूले शासन हत्याएपछि सबभन्दा पहिले सिमाना बन्द गर्छन् । फुजिमोरिज्मोको नेपाली संस्करण निस्कियो भने सम्भवतः सबभन्दा पहिले नृजातीय स्वजनहरूका लागि दोहोरो राहदानीको प्रावधानलाई स्वीकार गरिनेछ ।

नृजातीय अर्थराजनीतिमा प्रवर्द्धन गरिने अर्थनीतिको प्रारूपलाई सन् १९९० को दशकमा एमालेले 'राष्ट्रिय पुँजीपतिहरूलाई प्रोत्साहन' नामकरण गरेको थियो । प्रकारान्तरले त्यो चाकर पुँजीवादकै भिन्न रूप हो । फुजिमोरिज्मोको नेपाली संस्करणले भने बिजुली, खानेपानी, प्राथमिक शिक्षा एवं आधारभूत स्वास्थ्य सेवाजस्ता क्षेत्रमा पनि वैदेशिक लगानी निम्त्याउन सक्नेछ । नाफा वा लगानी विदेश लैजाने कुराबाट सबै खाले बन्देज हटाइन सक्नेछन् ।

लन्डनमा जन्मिएर घानामा हुर्केका अमेरिकी दार्शनिक तथा चिन्तक क्वामे एन्थोनी एपिया परिधीय देशका बुद्धिजीवीहरूलाई मध्यस्थ बुद्धिकर्मी (काम्प्रडार इन्टेलजेन्ट्सिआ) भन्न रुचाउँछन् । यो जमात रकमी राजनीतिको बाजा बजाएर स्वागत गर्न फूलमाला लिएर तयार छ । सतहमा सहयोगीजस्ता देखिए पनि सर्वेसर्वा शर्मा ओली, प्रधानमन्त्री दाहाल एवं सत्तासीन प्रतिपक्षका नेता देउवा उपप्रधानमन्त्री लामिछानेसँग त्यत्तिकै डराएका होइनन् । बालेन शाह र हर्क साम्पाङ रकमी राजनीतिका लागि बाटो सम्याउन आएका थिए । उपप्रधानमन्त्री लामिछानेको रणनीति सफल भयो भने नेपाली राजनीतिले एक थान वर्णसंकर विचारधारा पनि पाउनेछ ।

*(साभार: ई-कान्तिपुर)*

# 'अस्पतालको शैय्या बढाएर मूल्य घटाउनुपर्छ'

डा. बाबुराम मरासिनी

म अहिले मेडिकल काउन्सिलले लेखेको जाँचको लाइसेन्स परीक्षाको पाठ्यक्रम ड्राफ्ट गर्ने मान्छे हुँ। त्यो ड्राफ्ट गर्ने बेलामा दुई जना रुकुम रोल्पा तिरका माननीय आए। उनीहरूले मलाई मेरो अस्पतालमा डाक्टर नाम गरेका पीएचडी गरेको मान्छे पठाइदे भन्नुभयो। रुकुम कोटको हेल्थ सेन्टरमा विगत १५ वर्षदेखि डाक्टर छैनन्। त्यहाँ गयो कि जनताले कुट्लान जस्तो गर्छन्। उहाँहरुको कुरा सुनेपछि त्यो कोर्स धेरै एडभान्स लेभलको बन्दैन भनेको थिए। त्यही कोर्स पारित भयो। तर, त्यो अझै करेक्सन भएको छैन। त्यो कोर्सको पास रेट तलको छ। अबको चार पाँच बर्ष पछि यो पास रेट २५ प्रतिशतमा झर्छ ।

डाक्टरको घाँटी समाउने भनेको मेडिकल काउन्सिल हो। उसले दिएको सर्टिफिकेटको पछाडि त अर्थ छ। मैले दिएको सर्टिफिकेट यो डाक्टरले एकदम सेफ अभ्यास गर्न सक्छ भनेर दिएको हो । हामीले ३० प्रतिशतको क्वालिटीबाट २५ प्रतिशतमा जान लागि सक्यौं । मेडिकल काउन्सिल र मेडिकल एजुकेसन कमिसन गम्भीर नहुने हो भने हामी एकदमै तल जान्छौं । यसैगरी अगाडि बढ्ने हो भने यो देशमा कसैले उपचार गर्दैनन् । जग राम्रो भएन भने माथिको जुनसुकै तला पनि सबै बिग्रिन्छ। विशेष विशेषज्ञ लेवल अर्थात् डिएम लेवल पनि सबै बिग्रिन्छ। त्यसैले यसको क्वालिटी सुधार कसरी गर्ने हो हामी गम्भीर भएर सोच्ने बेला आएको छ ।

आज भन्दा १० वर्ष अगाडिको कुरा हो, डाक्टर दीर्घ सिंह बम एक्टिभ सचिव हुनुहुन्थ्यो। त्यो बेलामा थाइल्याण्डबाट एउटा टोली आयो। हामी भिसी भन्छौं, उनीहरु प्रेसिडेन्ट भन्छन्। हामीले झन्झटिलो सिस्टम बनायौं, उनीहरुले सजिलो सिष्टम बनाए । उनीहरु आए हामीलाई नसोधी मेलम्ची अस्पताल पुगे। दुभार्ग्य भन्नुपर्छ त्यो दिन डाक्टर पनि त्यहाँ रहेछन् । स्वास्थ्यकर्मी पनि त्यही रहेछन् । उनीहरुले प्रश्न सोध्दा दिएको उत्तर चित्त नबुझेर नेपालको मेडिकल सिष्टम राम्रो रहेनछ भन्ने छाप पर्यो । उनीहरुले यो सिस्टम सुधार गर्न सचिवलाई आग्रह गरे। त्यो समयमै उनीहरुले नयाँ पाठ्यक्रम अपनाएर जान अग्रह गरेका थिए । तर अहिले पनि त्यो आग्रह कार्यान्वयन भएको छैन ।

अहिले ठूलो गल्ती मेडिकल काउन्सिलले गरेको छ। एक विद्यार्थी बराबर ६ शैय्या भन्यो । सार्दै सार्दै लग्यो। एक विद्यार्थी बराबर १० शैय्या हुनुपर्छ भन्यो। पहिलो वर्ष १००, दोस्रो वर्ष १००, तेस्रो वर्ष १०० र अन्तिम वर्ष १०० भन्यो त्यसरी ४०० विद्यार्थी भए। टिचिङ अस्पतालमा गएर हेर्ने हो भने प्रत्येक वर्षमा ४०-४० गरेर ५४० जना भए। ६०० शैय्यामा कसरी सिक्छन् एमबीबीएसका विद्यार्थीले डाक्टरी।

मेडिसिन भनेको साइन्स मात्र होइन आर्ट पनि हो। न त्यँहा कुनै अप्रेसन गर्न दिइन्छ न त्यहाँ कुनै प्रयोग गर्न पाइन्छ । एमडी गाइनीको इन्टनले डेलिभरी गराउन पनि दिँदैन । सानो दुई टाँका लगाउन पनि दिँदैन । टाँका लगाउनु पर्यो भने सर्जरीको रेजिरेन्ट अगाडि आइपुग्छ । कसरी सिक्ने हो ? खोई आर्टको लागि अवसर मौका नै छैन ।

यदि क्षमता अभिवृद्धि गर्ने हो भने सबै पीजी रोकेर एमबीबीएस मात्र चलाउनु पर्दछ । जसरी वीर अस्पताल र न्याम्सले पीजी चलाए त्यसरी नै पीजी चलाउने संस्था छुट्टै आउनु पर्दछ। त्यसरी चलाउन सकियो भने मात्रै अस्पतालको गुणस्तर बढाउन सकिन्छ ।

अस्पतालमा विद्यार्थीलाई सिक्ने अवसर दिनुपर्छ । सेवा सुविधा बढाउनुपर्छ । अस्पतालको शैय्या बढाउनुपर्छ। मेडिकल शिक्षाको शुल्क घटाउनुपर्छ। विद्यार्थीलाई क्षमता अभिवृद्धि गराउनु पर्छ। यही अवस्थामा जाने हो भने नेपालका डाक्टरलाई कसैले पनि विश्वास नगर्ने अवस्था अत्यन्तै धेरै देखिसक्यो ।

*(साभार: खबरहब)*

# सत्तामै बसी-बसी किन मोर्चा बनाउन चाहन्छन् प्रचण्ड ?

काठमाडौं/कम्युनिस्टहरु मोर्चामा विश्वास गर्छन् । किनभने उनीहरुका लागि हरेक दिनको नियमित गतिविधि पनि 'आन्दोलन' हो । सरकारमै बसीबसी यति बेला पुष्पकमल दाहाल प्रचण्ड त्यस्तो मोर्चा बनाउन चाहन्छन् ।

मोर्चा बनाउने तयारीको पृष्ठभूमि हेरियो भने हामी रोचक परिदृश्य देख्न पुग्छौं । तेस्रो कार्यकाल प्रधानमन्त्री बनेका प्रचण्डले संसदको असाधारण विश्वास पाए । ९९.२५ प्रतिशत सांसदको विश्वासको मत पाए पनि प्रचण्ड आफैं त्यो अभूतपूर्व विश्वाससँग तर्सिरहेको बुझ्न सकिन्छ ।

आफ्नो दलको कमजोर शक्ति र थरीथरीका सत्ता सहयात्रीका कारण प्रचण्डले आफू मजबुत ठान्न नसकेको माओवादी केन्द्रका नेताहरु बताउँछन् ।

सरकारको नेतृत्व लिएको माओवादी संसदको तेस्रो दल हो, जसको ३२ सिट मात्रै छ । सरकारको नेतृत्व माओवादीले गरेको भए पनि निर्णायक भने ७९ सिट रहेको नेकपा एमाले, २० सिट रहेको राष्ट्रिय स्वतन्त्र पार्टी, १४ सिट रहेको राप्रपा लगायत छन् ।

यस्तो शक्ति समीकरणलाई सन्तुलनमा ल्याउन र आत्मविश्वास जगाउन प्रचण्डले 'संयुक्त मोर्चा'को सहारा लिन खोजेको देखिन्छ । माओवादी केन्द्रले एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, नेपाल समाजवादी पार्टी लगायतसँग सम्भव भएसम्म एकता र त्यो नभए मोर्चामात्रै भए पनि बनाउने तयारी गरेको छ ।

त्यसका लागि माओवादीले बनाएको वार्ता टोलीका संयोजक कृष्णबहादुर महराका अनुसार अहिले चार/पाँच पार्टीसँग एकताका लागि छलफल भइरहेको छ । 'सकेसम्म एकता गर्ने, त्यो नभए कार्यगत एकता र त्यो पनि नभए मोर्चा बनाएर जाने भन्ने छ', महराले भने ।

बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी, कर्णजित बुढाथोकी नेतृत्वको नेकपा (माओवादी केन्द्र समाजवादी) सँग भने एकताको नजिकै पुगिएको माओवादी नेताहरुले बताएका छन् । एकीकृत समाजवादी र जनता समाजवादी पार्टीसँग भने एकता सम्भव नभए मोर्चा बन्न सक्ने उपमहासचिव गिरिराजमणि पोखरेल बताउँछन् ।



माओवादीको वार्ता टोली सदस्य समेत रहेका पोखरेलले भने, 'अहिलेको परिस्थितिमा एउटा प्लेटफर्म बनाएर कार्यगत एकता भन्दा अलि माथि उठेको, पार्टी एकताको तहमा नपुगेको त्यस्तो कुनै मोर्चाको कुरा हुन सक्छ ।'

तत्कालै कुनै चुनाव सामना गर्नुपर्ने अवस्था नरहे पनि माओवादीले गर्न खोजेको एकता वा मोर्चाबन्दीलाई धेरैले आफू कमजोर बनेका बेला गर्न खोजेको शक्ति सञ्चयको प्रयासमा रुपमा बुझेका छन् ।

नेता पोखरेल पनि त्यसलाई नकार्दैनन् । 'अहिलेका उपलब्धिहरुको रक्षा गर्दै अगाडि बढ्ने, दिनदिनैको राजनीतिमा हस्तक्षेप गर्ने र तीन 'स' (सडक, सदन र सरकार) को राजनीतिलाई अगाडि बढाउने,' आफूहरुको उद्देश्यबारे प्रष्ट्याउँदै उनी भन्छन् ।

उसो त माओवादीका लागि संयुक्त मोर्चाको अभ्यास नयाँ भने होइन । संयुक्त मोर्चालाई क्रान्तिको एउटा 'जादुगरी हतियार' मान्ने माओको दर्शनबाट दीक्षित माओवादीले आफू कमजोर रहेका बेला शक्ति आर्जन गर्ने माध्यम यसलाई धेरै पटक बनाइसकेको छ ।

संसदीय राजनीतिमा आए लगत्तै २०६४ मा पहिलोपटक लडेको संविधानसभा चुनावमा माओवादी पहिलो दल बन्न सफल भएको थियो । २०६६ वैशाखमा तत्कालीन प्रधानसेनापति रुक्माङ्गद कटुवाललाई हटाउने निर्णयको विरोध गर्दै एमाले सरकारबाट बाहिरिएपछि प्रचण्ड राजीनामा दिन बाध्य भएका थिए ।

पहिलो पार्टी हुँदा हुँदै पनि प्रतिपक्षी कित्तामा पुग्न बाध्य भएपछि कटवाललाई थमौती दिने राष्ट्रपति डा. रामवरण यादवको कदमविरुद्ध प्रचण्डले आफ्नो नेतृत्वमा मोर्चा बनाएका थिए । त्यसमा २७ वटा दलसम्म सहभागी भएका थिए ।

२०७० को दोस्रो संविधानसभा चुनावपछि भने माओवादी पहिलो दलबाट घटेर तेस्रोमा झ्र्यो । नेपाली कांग्रेस र एमालेले सरकार देखि संविधान निर्माणसम्ममा सहकार्य गरे । संविधान निर्माणमा कांग्रेस र एमालेले पेल्दै लगेपछि प्रचण्डले फेरि अर्को मोर्चा निर्माण गरे । २२ दलीय उक्त मोर्चामा संविधानसभाभित्र र बाहिर रहेका दल सहभागी थिए ।

उक्त मोर्चाले संविधानका विवादित विषय: राज्य पुनर्संरचना, शासकीय स्वरुप, निर्वाचन प्रणाली र न्याय प्रणाली जस्ता विषय आफूअनुकुल हुनुपर्ने माग गर्दै आन्दोलन समेत गरेको थियो ।

संविधान निर्माण निर्णायक चरणमा पुग्नै लाग्दा प्रचण्ड नेतृत्वको फेरि अर्को मोर्चा बनेको थियो । पहिचान पक्षधर र मधेश केन्द्रित दललाई समेत समेटेर प्रचण्डले आफ्नो नेतृत्वमा ३० दलीय मोर्चा बनाएका थिए ।

उक्त मोर्चाको समेत सहारा लिएर संविधानका विवादित विषयमा अडान राखिराखेको माओवादी २०७२ वैशाखको भूकम्पपछि भने पछि हटेको थियो । भूकम्पले सिर्जना गरेको बिपत्ति देखाउँदै प्रचण्डले संविधान निर्माणमा आफू लचक हुने बताए ।

३० दलीय मोर्चा तोड्दै माओवादीले २०७२ जेठ २५ मा कांग्रेस, एमालेसँग १६ बुँदे सहमति गरेको थियो । बिना नामको ८ प्रदेशसहितको संविधान बनाउन माओवादीले सहमति गरेपछि मोर्चामा रहेका पहिचान पक्षधर र मधेश केन्द्रित दलले विरोध जनाएका थिए ।

सशस्त्र युद्ध थाल्नुअघिको संसदीय चुनावको सामना समेत प्रचण्डले मोर्चामार्फत नै गरेका थिए । मोहनबिक्रम सिंहको समूहबाट विद्रोह गर्ने तयारी गरेका बाबुराम भट्टराई नेतृत्वको 'संयुक्त जनमोर्चा नेपाल' अन्तर्गत नै प्रचण्ड नेतृत्वको तत्कालीन नेकपा (एकता केन्द्र) ले चुनावको सामना गरेको थियो ।

युद्धमा गएको केही समयसम्म समेत संसदीय मोर्चाका रुपमा माओवादीले प्रयोग गरेको 'संयुक्त जनमोर्चा, नेपाल'ले २०४८ को संसदीय चुनावमा ९ सिट प्राप्त गर्दै संसदको तेस्रो शक्ति बनेको थियो । युद्धमा जानुअघि सरकार समक्ष त्यही मोर्चाले ४२ बुँदे माग राखेको थियो ।

पहिले आन्दोलनका लागि मोर्चा बनाइने गरिएको भए पनि अहिलेका मोर्चा चुनावमुखी भएको टिप्पणी छ केही समय माओवादीमा समेत रहेका विश्लेषक मुमाराम खनालको । 'पहिले आन्दोलनका लागि मोर्चा बनाइन्थ्यो, अहिले आन्दोलन नै छैन । अहिलेकोलाई मोर्चा भन्दा पनि चुनावी गठबन्धन भन्दा हुन्छ', उनको भनाइ छ ।

पहिले माओवादी मोर्चाबन्दी गर्दा कमजोर थियो तर सरकार बाहिर थियो । अहिले माओवादी कमजोर हुँदा पनि सरकारमै छ । सरकारमै रहेर मोर्चा बनाउनु संगतिपूर्ण नरहेको पूर्व मन्त्री लोकेन्द्र विष्टमगर बताउँछन् । माओवादीको राजनीतिबाट निष्क्रिय बन्दै व्यवसायमा लागेका उनी शक्ति सञ्चयका लागि मोर्चा बनाउने प्रयास गरेको बताउँछन् ।

'मैले बुझेको मोर्चा बनाउने भनेको कार्यनीति मिल्नेहरुले सरकारका विरुद्धमा बनाउने हो' विष्ट भन्छन्, 'सरकारमै रहेर संयुक्त मोर्चा हुन्छ जस्तो मलाई लाग्दैन । यो सरकारभित्रै 'लविङ' गर्ने शक्ति बढाउन र शक्ति सञ्चय गर्न गर्न हो जस्तो लाग्छ ।'

# थाहाको तारेभीरबाट देखिन्छ तराईदेखि पहाड

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ थाहा नगरपालिका मकवानपुरको प्रमुख पर्यटकीय स्थल हो । जिल्लाको सदरमुकाम हेटौंडाबाट करिब २ घण्टाको मोटरसाइकल यात्रामा पुग्न सकिने थाहा नगरमा घुम्न लायक दजनौं क्षेत्रहरु छन् ।



समुन्द्री सतहबाट सबैभन्दा माथि अर्थात् २८ हजार मिटरको क्षेत्रमा बाक्लो बसोबास रहेको सिमभञ्ज्याङ चर्चित छ । सिमभञ्ज्याङमा हरेक वर्ष हिमपात हुने गरेको छ । हिउँले ढाकिएका सेताम्मे डाँडाकाँडा हेर्न आन्तरिक पर्यटकहरुको यहाँ घुइचो नै लाग्ने गर्छ । थाहाको धार्मिक पर्यटन, पैदल यात्रा चर्चित छ । तरकारी खेतीका लागि प्रख्यात क्षेत्र थाहा नगरमा रहेको एउटा तारेभीरडाँडाबाट भने तराईदेखि पहाडसम्मका भूभाग अवलोक गर्न सकिन्छ ।

'तारेभीर' अर्को पर्यटकीय गन्तव्यको रुपमा विकास हुँदै गएको छ । थाहा नगरपालिका वडा नम्बर ४ र भीमफेदी गाउँपालिकाको सिमानामा पर्ने तारेभीर सूर्यास्तको अवलोकन गर्न पर्यटकहरु आकर्षित भएका छन् । थाहा नगरपालिकाको सिमभञ्ज्याङ तथा भीमफेदी गाउँपालिकाको मैत्री बगैचा नजिकैको मोडबाट करिब २०/२५ मिनेटको पैदल यात्रामा पुगिने तारेभीर दुई पालिकाको साझा पर्यटकीय गन्तव्यको रुपमा विकास हुँदै गएको हो ।

नजिकै ऋषेश्वर मन्दिर बाट पनि ट्रेकिङ गरी पुग्न सकिने तारेभीर आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि अशली गन्तव्य हुने पर्यटन व्यवसायीहरु बताउँछन् । तारेभीरबाट उत्तरतिर दन्त लहर झै 'हिमालय रेन्ज' र पश्चिममा सूर्यास्तको दृश्य एकै स्थानबाट देख्न सकिन्छ । ऋषेश्वर सामुदायिक वन क्षेत्रमा पर्ने उक्त पर्यटकीय क्षेत्र तारेभीर हरियाली र प्राकृतिक सौन्दर्यताले भरिपूर्ण छ ।

# जिससको भूमिका प्रभाकारी बनाउन सामान्य प्रशासन मन्त्रीको ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले समितिको भूमिका प्रभावकारी बनाउनदेखि विकास निर्माणमा देखा परेका समस्या समाधानका लागि संघीय मन्त्रीको ध्यानाकर्षण गराएको छ ।



जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको नेतृत्वमा गएको टोलीले संघीय मामिला तथा समान्य प्रशासन मन्त्री अमनलाल मोदीसँग भेटे गरी स्थानीय तहको विकास निर्माणमा परेको समस्या र जिल्ला समन्वय समितिको प्रभावकारी भूमिकाबारे ध्यानाकर्षण गराएको हो । गृह मन्त्रालयले देशभरका अवैध क्रसरहरु बन्द गराउँदा स्थानीय तहमा विकास निर्माणमा असर परेको अवस्थामा जिल्ला समन्वय समितिको भूमिका थप प्रभावकारी बनाउनु पर्नेलगायत बिषयमा ध्यानाकर्षण गराइएको प्रमुख घलानले बताए ।

मकवानपुरका एकसय दुईवटा क्रसर उद्योगहरु हाल बन्द रहेका छन् । मापदण्ड विपरितका क्रसर उद्योगहरु बन्द गर्न गृह मन्त्रालयले निर्देशन दिएपछि क्रसर उद्योग र बालुवा प्लान्टहरु बन्द भएका हुन् । जसका कारण विकास निर्माण कार्यमा असर परेको हो । जिसस मकवानपुरको ध्यानाकर्षण पत्र बुझ्दै मन्त्री मोदीले क्रसरको बिषय चाँडै नै समाधान हुने बताए । जिल्ला समन्वय समितिलाई प्रभावकारी बनाउनेमा आफू सकारात्मक रहेको धारणा राखे । मन्त्री मोदीसँगको भेटमा जिसस प्रमुख घलानसहित जिसस उपप्रमुख सानुकाजी लुइँटेल, सदस्य तारा ढुंगानालगायतको सहभागिता रहेको थियो ।

# कच्चा पदार्थको भन्सार दर तयारीको भन्दा कम्तिमा दुई तह कम गर्न माग



काठमाडौं/नेपाल उद्योग परिसंघले आयातित तयारी वस्तु र कच्चा पदार्थको भन्सार दर कम्तिमा दुई तहको फरक गर्न माग गरेको छ ।

७१औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसर पारेर बुधबार परिसंघमा आयोजित अन्तरक्रियामा परिसंघका कार्यवाहक अध्यक्ष राजेश अग्रवालले आयात हुने तयारी वस्तु तथा सो तयारी वस्तु बनाउन प्रयोग हुने कच्चा पदार्थको भन्सार दरमा कम्तिमा एक तहको फरक हुने सरकारको नीतिलाई दुई तह वा कम्तिमा १० प्रतिशतको अन्तर हुने गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्ने बताए ।

आत्मनिर्भर भइसकेका तथा आत्मनिर्भर उन्मुख वस्तुको आयात निरूत्साहित गरिनुपर्ने उनको भनाइ छ । उनले ग्रीन च्यानलबाट पैठारी हुने वस्तुहरूको संख्या बढाउँदै लैजान पनि आग्रह गरे ।

राजस्व सचिव डा. रामप्रसाद घिमिरे र भन्सार विभागका महानिर्देशक चक्रबहादुर बुढाको उपस्थितीमा आयोजित अन्तर क्रियामा परिसंघ राजश्व समिति सभापति राहुल अग्रवालले भन्सार सन्दर्भ पुस्तिकामा सुधार ल्याउन आग्रह गरे ।

सन्दर्भ पुस्तिकाका कारण अधिक बिजकीकरण र न्युन बिजकीकरणलाई प्रोत्साहित गरिरहेको उनको भनाई छ । बिल बिजक मूल्यलाई मान्यता दिने तर सन्दर्भ पुस्तिकाको मूल्यलाई आधार मान्ने अभ्यासले 'मिसम्याच' भइरहेको उनले बताए । वस्तुको मूल्य र आयातकर्ताको विवरण नखुलेको सामान निर्वाध आयात भइरहेकोतर्फ ध्यानाकर्षण गराउँदै भन्सारमा कडाई गर्न समेत आग्रह गरे ।

परिसंघले स्वदेशी उत्पादनको प्रबर्द्धन गर्न सरकारी निकायहरुमा नेपाली उत्पादन प्रयोग गराउन पनि आग्रह गरेको छ । चोरी पैठारी नियन्त्रण गर्न, सार्वजनिक विदाको दिन अन्य दिन जस्तै नियमित पूर्ण रुपमा काम गराउन, भन्सार जाँच पास पछि पनि मालवाहक गाडी पुन: चेकजाँच गर्ने परिपाटी कम गर्न पनि परिसंघले आग्रह गरेको छ ।

राजश्व सचिव डा. रामप्रसाद घिमिरेले कारोबारमा आधारित अर्थतन्त्रबाट उत्पादनमा आधारित अर्थतन्त्रतर्फ जानै पर्ने बताए । औद्योगीकरणको प्रबर्द्धन गर्न उत्पादन बढाउनुको विकल्प नभएको उनको भनाई छ ।

त्यसका लागि सरकारले सहजीकरण गर्ने उनको भनाइ थियो । सचिव घिमिरेले चोरी पैठारी नियन्त्रण गर्न प्रभावकारी रुपमा काम गर्ने बताए । यसमा निजी क्षेत्रको पनि सहयोग चाहिने उनले बताए । ग्रीन च्यानलबाट पैठारी हुने वस्तुहरुको संख्या बढाउने परिसंघको सुझावमा आवश्यक कदम लिने बताए ।

सार्वजनिक बिदाका दिन पनि भन्सार सुचारु हुनुपर्ने परिसंघको आग्रहमा भन्सार विभागका महानिर्देशक चक्रबहादुर बुढाले यो सुझाव सकारात्मक रहेको बताए । उनले सार्वजनिक बिदाका दिन राजस्वमा पनि असर परेको भन्दै बिदाको दिन पनि अरु दिनजस्तै नियमित फुलफ्लेजमा काम गर्न गराउन छलफल भइरहेको बताए ।

# असारसम्म कर तिर्ने सर्तमा क्रसर सञ्चालन अनुमति

काठमाडौं/कर नतिरी सञ्चालनमा रहेका क्रसरहरुलाई असार मसान्तसम्म तिर्ने सर्तमा खुला गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ । मन्त्रिपरिषद्को बुधबारको बैठकले यसअघि दर्ता नभई चलेका क्रसर बन्द भने बन्द गर्ने निर्णय गरेको छ ।

बैठकले क्रसर उद्योग संचालनमा नआए विकास निर्माणमा प्रभाव पर्ने भन्दै अवैधलाई बन्द गर्ने तर दर्ता भएर पनि कर नतिरेका छन् भने सर्तसहित संचालन गर्न दिने निर्णय गरेको एक मन्त्रीले जानकारी दिए ।

'विकास निर्माणका काममा ढुंगा, गिट्टी र बालुवाको अभावले समस्या देखिन थालेको विषय मन्त्रिपरिषद्मा उठेको थियो । अवैध रूपमा संचालनमा रहेका क्रसर उद्योग बन्द गर्ने निर्णय भएको छ भने दर्ता भएर कर नतिरेकाका सन्दर्भमा कर तिर्दै गर्ने र संचालन पनि गर्ने निर्णय भएको छ,' ती मन्त्रीले भने ।

सरकारले क्रसर उद्योगसँग सम्बन्धित कानुन बनाउने गरी तयारी गर्ने पनि निर्णय लिएको ती मन्त्रीले जानकारी दिए । अहिले कर नतिरी संचालनमा रहेका क्रसर उद्योगहरूलाई असार मसान्तसम्म कर तिर्ने अवधि दिएर त्यसपछि नयाँ कानुनअनुसार संचालन गर्न दिने निर्णय भएको हो ।



गृह मन्त्रालयले पुस तेस्रो साता देशभर सञ्चालनमा रहेका अवैध क्रसर बन्द गराउन सबै जिल्ला प्रशासनलाई परिपत्र गरेको थियो । गृह मन्त्रालयले कानुनबमोजिम दर्ता नभएका, नवीकरण नभएका तथा आयोजनाका नाममा सञ्चालनमा रहेका, तर अवधि सकिएका क्रसर बन्द गर्न ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको थियो ।

# हेटौंडामा सामुहिक रुपमा ८८ जनाको बेलविवाह

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ हेटौंडामा बुधबारबाट सामुहिक रुपमा बेलविवाह सुरु भएको छ ।

बुधबार र बिहिबार गरि हेटौंडामा दुईदिन सामुहिक रुपमा बेलविवाह गर्न लागिएको हो । हेटौंडा-१० मा एउटै जग्गेमा बुधबार बाट सुरु भएको बेलविवाहमा ८८ कन्याको सामूहिक बेलविवाह कर्म हुने जनाइएको छ । नेवारी समुदायमा रजश्वला हुनुअघि कन्याको बेलविवाह गर्ने प्रचलन छ । मौलिक परम्परा, संस्कारअनुसार बेलविवाह गर्न एउटा परिवारलाई असहज हुनुका साथै गुरु पुरोहितको समेत अभाव हुने अवस्था देखिएपछि हेटौंडामा २०२९ सालदेखि सामूहिक बेलविवाह कर्म हुँदै आएको छ । हेटौंडामा सामुहिक बेलविवाह गुठी नै स्थापना गरिएको छ ।

नेवार समुदायमा केटी मानिसको तीन पटक विवाह गरिन्छ । पहिलो बेलविवाह । दोस्रो विवाह सूर्यसँग र तेस्रो विवाह बरसँग हुन्छ । बेलविवाह गरेकी चेली कहिल्यै विधवा नहुने नेवारी मान्यता छ । त्यसैले पछिल्लो समय सामुहिक रुपमा बेल विवाह हुन थालेका छन् । बेललाई शिवपुत्र कुमारकोस्वरुप मानेर कन्यासंग विवाह गरिन्छ । कन्यालाई एक हातमा स: लगनपात्र र अर्कोहातमा बेल समाउन लगाएर आमाबाबुले सुवर्ण कुमार लाई कन्या दान गर्छन् । बेलविवाह गरेकी चेली कहिल्यै विधवा नहुने शास्त्रीय मान्यता छ । परम्परा जोगाउन र सामाजिक तडक-भडक घटाई खर्च कम गर्न तिलमाधव नारायण र बाराही पीठ विकास समितिले सामूहिक बेल विवाहको आयोजना गर्ने गरिन्छ ।


**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



**"तपाईं, हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

# बागमतीमा पहिलो प्रयासमै मन्त्री बन्ने सांसद्

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ बागमती प्रदेश सरकारले पूर्णता पाएको छ । २५ पुसमा सरकार गठन भएपछि मन्त्रालय संख्या निर्धारण हुन नसक्दा मन्त्रिपरिषद् बिस्तार हुन सकेको थिएन ।

बुधबार ८ जना नयाँ मन्त्री थपिएसँगै मुख्यमन्त्री शालिकराम जम्मकट्टेलको टिम-११ ले पूर्णता पाएको हो । नवनियुक्त मन्त्रीहरुले प्रदेश प्रमुख यादवचन्द्र शर्माबाट पद तथा गोपनीयताको सपथ लिएका छन् । बागमती प्रदेशको दोस्रो कार्यकालको पहिलो सरकारमा ८ जना नयाँ अनुहारका मन्त्री छन् । जसमध्ये ७ जना भने प्रदेशसभा प्रवेशको पहिलो पटकमै मन्त्री बन्न सफल भए । मन्त्रीमा नयाँ अनुहार भएपनि नेकपा एमालेका केशवप्रसाद पोखेल भने प्रदेशसभामा दोस्रो पटक सांसद् बनेपछि मात्रै मन्त्री हुने अवसर पाए । अघिल्लो कार्यकालमा उनी प्रदेशसभाको एक समिति सभापति थिए । पोखेल कृषि तथा पशुपन्छी विकासमन्त्री भए ।

एमालेले भागबण्डा अनुसार पाएको ४ वटा मन्त्रालयमा ४ जना नै नयाँ अनुहार पठाएको हो । प्रदेशसभा प्रवेशको पहिलो पटकमै मन्त्री हुनेमा एमालेका जगन्नाथ थपलिया, एकालाल श्रेष्ठ, रामेश्वर श्रेष्ठ हुन् । थपलिया प्रदेशसभाको अघिल्लो कार्यकालका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलका राजनीतिक सल्लाहकार थिए । उनले गत ४ मंसिरमा प्रतिनिधिसभा निर्वाचन लड्न खोजे पनि सुरेन्द्र पाण्डेले टिकट ल्याएपछि प्रदेशसभामा झरेका थिए । प्रदेशमा निर्वाचन जित्दा उनलाई आर्थिक मामिला तथा योजनामन्त्री हात लाग्यो । बागतीमा आधा-आधा कार्यकाल सरकारको नेतृत्व गर्ने गठबन्धनको भागवण्डाअनुसार थपलिया मुख्यमन्त्रीका दाबेदार हुन् ।



पहिलोपटक प्रदेशसभामा आएका एमाले मकवानपुरका अध्यक्षसमेत रहेका एकालाल श्रेष्ठ र ललितपुरका सांसद् रामेश्वर श्रेष्ठ क्रमश: श्रम, रोजगार तथा यातायातमन्त्री र स्वास्थ्यमन्त्री बनेका छन् । यसैगरी, माओवादी केन्द्रले भागबण्डाअनुसार पाएको ४ वटा मन्त्रालयमा एक जनामात्रै नयाँ अनुहारका छन् । बाँकी तीन जना दोहोरिएका हुन् । माओवादी केन्द्रको चुनाव चिह्नबाट चुनाव लडेका बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीका गंगा नारायण श्रेष्ठ पहिलो प्रयासमै मन्त्री बनेका हुन् । सिन्धुलीका श्रेष्ठ पहिलो पटकमै प्रदेशको दोस्रो वरियताको आन्तरिक मामिला तथा कानुनमन्त्री बने ।

यसैगरी, राप्रपाका तीन जना मन्त्रीहरु उद्धव थापा, राजु विष्ट र डम्बर तामाङ पनि पहिलो पटकमै मन्त्री बने । प्रदेशको राजनीतिमा रोचक राप्रपाको सरकार प्रवेशलाई लिन सकिन्छ । राप्रपासँग अघिल्लो कार्यकालमा दुई जना महिला समानुपातिक सांसद् मात्रै थिए । निवर्तमान सांसद् चितवनकी रिना गुरुङ र रामेछापकी रिता माझी हुन् । गरुङ राप्रपामै छिन् भने माझी कमल थापा नेतृत्वको राप्रपा नेपाल तिर लागिसकेकी छन् । राप्रपासँग यसपालि १३ जना सांसद् छन् । जुन, बागमतीमा सरकार गठनका लागि निर्णायक हो । बागमतीमा १ सय १० सदस्यीय प्रदेशसभा छ । ४ मंसिरको प्रदेशसभा निर्वाचनबाट राप्रपाले १३ सिट जित्दा सरकारको मुख्यमन्त्रीमै दाबी गरेको थियो ।

मुख्यमन्त्रीमा दाबी गरेका राप्रपा बागमती प्रदेश संसदीय दलको नेता उद्धव थापा अन्तत: खानेपानी, उर्जा तथा सिँचाईमन्त्री बनेका छन् । धादिङबाट चुनाव जितेका राप्रपाका डम्बर तामाङ पर्यटन, उद्योग तथा सहकारीमन्त्री र काठमाडौंका राप्रपा सांसद् राजु विष्ट वन तथा वातावरण मन्त्री बने । यसैगरी, वर्तमान सरकारमा चार जना मन्त्री पुन: दोहोरिएका छन् । अघिल्लो कार्यकालमा आन्तरिक मामिला तथा कानुनमन्त्री र आर्थिक मामिला तथा योजनामन्त्री रहेको जम्मकट्टेल हाल मुख्यमन्त्री छन् । माओवादीकै कुमारी मुक्तान पुन: सामाजिक विकास मन्त्रालय र अघिल्लो कार्यकालमा सामाजिक विकासमन्त्री रहेका युवराज दुलाल भौतिक पूर्वाधार विकासमन्त्री बने ।

# भुटनदेवी पार्कमा औद्योगिक व्यापार महोत्सव सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ हेटौंडा उपमहानगरपालिका-१०, स्थित भुटनदेवी पार्क १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सव-२०७९ सुरु भएको छ । सुमन भोम्जन स्मृति प्रतिष्ठानले सो स्थानमा रहेको झाडी फँडानी गरेर पहिलोपटक २०७३ सालमा राष्ट्रिय औद्योगिक तथा खेलकुद महोत्सव आयोजना गरेको थियो । सोही बेलामा उक्त मैदानको नाम 'भुटनदेवी पार्क' राखिएको हो ।




मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा भएको महोत्सव बुधबार बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले उद्घाटन गरेका छन् । जम्मकट्टेलले स्वदेशी उद्योग, कलकारखानालाई प्रोत्साहन गर्न प्रदेश सरकार तयार रहेको बताएका छन् ।

प्रदेशलाई आर्थिक रुपमा आत्मनिर्भरतर्फ डोऱ्याउन स्वदेशी उद्योगलाई प्रोत्साहन गर्न जरुरी रहेको औंल्याए । उनले समाजमा रहेका उपभोक्ताहरुलाई स्वदेशी उत्पादनलाई नै दैनिकी प्रयोगकमा ल्याउन व्यवहारिक एवम् सैद्धान्तिक पक्षलाई जिम्मेवार बनाउन नसकेसम्म परनिर्भतातर्फ उन्मुख भएको समाजलाई अब युवा पुस्ताले स्वदेशी उत्पादनलाई बृद्धि गरेर आर्थिक आत्मनिर्भरतर्फ क्रियाशील तुल्याउनुपर्ने मा जोड दिए ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताको सभाध्यक्षतामा भएको महोत्सवक उद्घाटन कार्यक्रममा आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलिया, खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्री उद्धव थापा, नेपाली कांग्रेस बागमतीका सभापति एवम् पूर्वमन्त्री इन्द्रबहादुर बानियाँ र संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले मन्तव्य व्यक्त गरेका थिए । यसअघि कोरोना महामारी लगायत कारण करिब ३ वर्षदेखि सञ्चालन हुन नसकेको व्यापार महोत्सव सुरु भएको छ ।

जिल्लामा उद्योग व्यापार क्षेत्रको विकास गरी समग्रमा देशकै आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यसहित मेला आयोजना गरिएको गुप्ताले बताएका छन् । माघको २३ गतेसम्म चल्ने मेलामा तीन सय ३७ वटा स्टल छन् ।

महोत्सवमा ३० वटा होटल, अटो जोन १० वटा, डोममा निर्मित विषेश प्रकारका ६ वटा विभिन्न व्यापारिक स्टलहरु रहेको अध्यक्ष गुप्ताले जानकारी दिए । उनका अनुसार करिब एकसय स्टल जिल्ला बाहिरका व्यापारी छन् भने बाँकी स्टल जिल्लाभित्रकै रहेका छन् । स्टललाई श्रेणीमा विभिजन गरेर स्थानीयस्तरका उत्पादनलाई प्राथमिकता दिएर ५० प्रतिशत छुटसमेत दिइएको उनले बताए ।

कृषि, खाद्य, दैनिक उपभोग्य वस्तुहरु, घरेलु हस्तकला, महिला उद्यमीका उत्पादित सामानहरु, होटल, आईटी, शैक्षिक संस्था, दैनिक नि:शुल्क स्वास्थ्य शिबिर, अटो सवारी साधन, राष्ट्रिय तथा बहुराष्ट्रिय कम्पनीका स्टलहरु, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको स्टल एवम् महोत्सवमा बाल उद्यान, विभिन्न कलाकारहरुको साथमा मनोरञ्जन तथा चेतनामूलक सामाग्रीहरु मेलाका आकर्षक रहेका छन् ।

स्थानीय स्तरमा उत्पादन भएको चुच्चेखोलाको खुवा, राक्सिराङको गिठ्ठाभ्याकुर, डोको, डालो, नाङ्लो, खुर्पेटो तथा रैथाने बालीहरु कोदो, फापर, गेडागुडी लगायत प्रर्दशन तथा विक्री स्टल छन् ।

त्यस्तै, हेटौंडा आइडल, हेटौंडा डान्सिङ स्टार र दुलही श्रृंगार प्रतियोगितासमेत सुरु भएको छ । तीनै वटा प्रतियोगितामा प्रथम हुनेले ३०/३० हजार, द्वितीयले २०/२० हजार र तृतीयले १०/१० हजार र सान्त्वना हुनेले ५/५ हजार प्राप्त गर्ने भएका छन् ।

महोत्सवमा मनोरञ्जनका लागि आज बिहीवार देखि विभिन्न विद्याका राष्ट्रिय तथा स्थानीय कलाकारहरुको प्रस्तुति सुरु हुँदैछ । १३ दिनसम्म सञ्चालन हुने व्यापार मेला २० देखि २५ करोडको कारोबार हुने आयोजकको अनुमान छ ।

# पहिलो पटकमै...

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१ चौकिटोलमा २०२७ साल साउन १७ गते जन्मिएका श्रेष्ठ बुबा-भीमलाल श्रेष्ठ र आमा चन्द्रकुमारी श्रेष्ठका सन्तान हुन् । हेटौंडाको सिद्धार्थ माविमा पढ्दै गर्दा ०४४ साल देखि अनेरास्ववियुबाट विद्यार्थी राजनीति सुरु गरे । २०४५ सालमा अनेरास्ववियु जिल्ला कमिटी सदस्य, कोषध्यक्ष, उपाध्यक्ष हुँदै २०५२ सालमा अनेरास्ववियुको जिल्ला कमिटी अध्यक्ष बने । २०४६ सालको आन्दोलनमा विद्यार्थीको नेतृत्व गर्दै आन्दोलनमा होमिँदा एक महिना जेलसमेत परेका श्रेष्ठ अनेरास्ववियुको अध्यक्ष हुँदै दुई कार्यकाल केन्द्रीय सदस्य, सचिवालय सदस्य, मध्यमाञ्चल प्रमुखसमेत भएर काम गरेको २०५२ देखि २०५७ सम्म काम गरेका थिए ।

२०४८ सालमा एमालेको पार्टी सदस्यता प्राप्त गरेका श्रेष्ठ हेटौंडा १ नम्बर वडाको पहिलो पार्टी सदस्यसमेत बनेका थिए । २०४९ साल हेटौंडा-१ वडा पार्टी कमिटीको पहिलो अध्यक्ष समेत बने । २०५० सालमा नगर कमिटीको सदस्य हुँदै उपसचिव भएर नेतृत्व गरेका उनले २०६१ सालमा एमाले मकवानपुरको जिल्ला कमिटी सदस्य भएका थिए । २०६२-०६३ को आन्दोलनमा सक्रिय रुपमा सहभागी हुँदै ठाउँठाउँको आन्दोलनको नेतृत्व गरेको र आन्दोलनको अगुवाइ गर्दा पटक-पटक प्रहरीद्वारा पक्राउसमेत परेका थिए । २०७२ सालमा एमाले मकवानपुरको सचिव हुँदै २०७७ साल पुसमा पार्टीको जिल्ला अध्यक्ष र २०७८ साल पुसमा जिल्ला अधिवेशनबाट एमाले मकवानपुरको अध्यक्षका रुपमा काम गर्दै आएका छन् ।

उनी पार्टीमा मात्र होइन । संघसंस्थामा आवद्धतामा पनि आवद्ध छन् । नेपाल बुद्धिचाल संघमा महासचिव हुँदै केन्द्रीय अध्यक्षका रुपमा काम गरेको अनुभव र खेलकुद क्षेत्रमा अगुवाइ गरेका छन् । अहिले एसियन चेस महासंघको सल्लाहकारको जिम्मेवरीमा छन् । उनीसँग निर्माण व्यवसायी संघ मकवानपुरको महासचिव भएर काम गरेको अनुभव पनि छ ।

# बागमती सरकारको बजेट खर्च कमजोर

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/बजेट खर्चमा सधैं कमजोर देखिँदै आएको बागमती प्रदेश सरकारको चालू आवको ६ महिनाको बजेट खर्च पनि कमजोर देखिएको छ ।

आवको अन्तिममा हावादारी तवरबाट बजेट खर्च गर्ने गरेको बागमती प्रदेश सरकारले चालू आवको दोस्रो त्रैमासिकमा पनि उत्साहजनक रुपमा बजेट खर्च गर्न नसकेको हो । गत आवहरूमा शुरुको पहिलो र दोस्रो चौमासिकमा बजेट खर्च गर्न सुस्त देखिने गरेको बागमती प्रदेश सरकार आवको अन्तिममा बजेट सिध्याउने चटारोमा हुने गर्थ्यो । जसले गर्दा एकै महिनामा १५ प्रतिशतसम्म बजेट खर्च भएको थियो । आवको शुरुमा बजेट खर्चमा सुस्त देखिँदै आएको बागमती सरकार यो आवमा पनि खर्चमा कमजोर देखिएको हो ।

बागमती प्रदेश सरकारले चालू आव ०७९/८० को पहिलो चौमासिकमा २० प्रतिशत मात्रै बजेट खर्च गरेको छ । बागमती प्रदेश सरकारले चालू आवको साउनदेखि पुस मसान्तसम्म कुल बजेटबाट पहिलो ६ महिनामा २०.७९ प्रतिशत खर्चिएको हो । कुल बजेट ७० अर्ब ९३ करोड ९२ लाखमध्ये यस प्रदेशले चालुतर्फ १९ अर्ब २ करोड ४१ लाखबाट ३२.६८ प्रतिशत अर्थात् ६ अर्ब २१ करोड ८६ लाख रुपैयाँ खर्च गरेको छ ।

पुँजीगततर्फ ४१ अर्ब ५६ करोड २४ लाख रुपैयाँ विनियोजन भएकामा ४ अर्ब ३७ करोड ८१ लाख अर्थात् १०.५३ प्रतिशत खर्च भएको छ । वित्तीय व्यवस्थातर्फ २ अर्ब विनियोजन भएकामा प्रदेशले ६० करोड खर्चिएको छ ।

वित्तीय हस्तान्तरणतर्फ ८ अर्ब ३५ करोड २७ लाख विनियोजन हुँदा पहिलो ६ महिनामा ३ अर्ब ५५ करोड ३ लाख रुपैयाँ खर्च भएको बताइएको छ । अघिल्लो सरकारमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री रहिसकेका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले पनि निर्वाचनका कारण नै विनियोजित बजेट कम खर्च भएको दाबी गरे ।

'निर्वाचनका कारण धेरै योजना अगाडि बढ्न पाएनन्, जसका कारणले खर्च कम भएको हो । अब विस्तार खर्च बढ्छ,' उनले भने । जम्कट्टेलले सरकारले पुर्णता पाएसँगै बजेट खर्च पनि बढ्ने बताए ।

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस Jumbo Moters Pvt.Ltd. कम्पनीले China बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | इकाई | अधिकतम खुद्रा इकाई मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | Electric Scooter | 2000 watt | Juneng | Bravoii | 72volt | China | 10 PCS | 2,70,000.00 | |

बिक्रता फर्मको नाम : Jumbo Moters Pvt.Ltd
ठेगाना : Hetauda-16, Makawanpur
PAN.No:- 609821802
Mobile.No:- 9855068577

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

## नवीकरण तथा साधारण सभासम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस निर्माण व्यवसायी संघ, मकवानपुरको साधारण सभा तथा निर्वाचन कार्यक्रम यही २०७९ माघ २७ र २८ गते हुने जानकारी गराउँदै यस संघ अन्तर्गतका सम्पूर्ण निर्माण व्यवसायीहरुले आ.व. २०७९/०८० को लागि इजाजतपत्र नवीकरण गर्ने अन्तिम मिति यही २०७९ माघ २० गते सम्म रहेको हुनाले उक्त अवधिभित्र नवीकरण गरिसक्नु हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म/कम्पनीलाई संघबाट दिइने सेवा सुविधाबाट बञ्चित गराउनुको साथै निर्वाचन कार्यक्रममा समेत भाग लिन नपाउने व्यहोरा जानकारी गराइन्छ ।

श्याम सुन्दर ढकाल
अध्यक्ष
निर्माण व्यवसायी संघ, मकवानपुर
हेटौंडा, मकवानपुर

## शिक्षक आवश्यकता

पहिलो पटक प्रकाशित मिति २०७९/१०/१२

उपरोक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको च नं. ६५०, मिति २०७९/०९/२९ को अनुमति प्राप्त पदपूर्ति अनुमति पत्र र यस विद्यालय व्यवस्थापन समितिको मिति २०७९/१०/११ को बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको माध्यमिक तह अंग्रेजी विषय अनुदान कोटामा एक जान शिक्षक आवश्यक रहेको हुँदा ईच्छुक योग्य नेपाली नागरिकहरुबाट तपशिल बमोजिम दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

१. विज्ञापन नं. : १/०७९/०८०
२. तह : मा.वि.(राहत अनुदान कोटा)
३. विषय : अंग्रेजी
४. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
५. न्यूनतम शैक्षिक योग्यता : बि एड् वा सो सरह उत्तिर्ण ।
६. परीक्षाको किसिम : लिखित, मौखिक,आवश्यक परेमा कक्षा अवलोकन
७. सेवा सुविधा : नेपाल सरकारको नियमानुसार
८. दरखास्त दस्तुर : रु २,०००/- (नबिल बैक लि. चल्ती खाता नं. २२१०१०१७५००२८८) मा रकम जम्मा गर्नु पर्नेछ ।
९. दरखास्त दिने अन्तिम मिति : २०७९/१०/२६ गते दिउँसो ४:०० सम्म
११. सम्पर्क मिति : २०७९/१०/२७ गते
१२. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराईने छ ।
१४. आवश्यक कागजातहरु :
क) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि - २ थान
ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि - २ थान
ग) अध्यापन अनुमति पत्रको प्रतिलिपि-२ थान
घ) शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपि -२ थान
ङ) अन्य अनुभव भएमा सो को प्रमाणपत्रको प्रतिलिपि - २ थान
च) हस्त लिखित निवेदन - १ प्रति
छ) रकम जम्मा गरेको भौचर - १ प्रति
ज) सम्पूर्ण कागजपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि २/२ थान

**नोट:-** शिक्षक सेवा आयोगबाट लिएको परीक्षाको करार लिस्टमा भएका उम्मेदवारलाई विज्ञापन भएको मितिले ७ दिन भित्रमा निवेदन पर्न आएमा योग्यता क्रमको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम छनोट गरी नियुक्ती दिइनेछ ।

**सम्पर्क नं.-** ९८५५०१६३७४ (प्र.अ.), ९८६०४७५६७५ (वि.व्य.स.अध्यक्ष)

श्री जालपादेवी माध्यमिक विद्यालय
मकवानपुरगढी -६ डुम्रेकुना

## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सन्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसावको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

हेटौंडा मोडेल अस्पताल
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

## थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

अब प्रत्येक दिन
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा २४ सै घण्टा
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
हेटौडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या लगायत महिलाहरूमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
हेटौडा सिटी हस्पिटल प्रा.लि.
हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना